# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि :-

सामान्य अर्थमा शिक्षा भनेको ज्ञानको प्राप्त गर्नु वा कुनै पनि नयाँ कुरा सिक्नु हो । यो यस्तो अटुट प्रक्रिया हो जुन जीवनभरि चलिरहन्छ । शिक्षा शास्त्रीहरुको धारणा अनुसार शिक्षा कोक्रोबाट सुरु भै चिहानमा अन्त्य हुन्छ । यसलाई निश्चित घेराभित्र राखेर परिभाषित गर्न कठिन हुन्छ । प्रत्येक समय, परिस्थिति र वातावरण अनुसार यसको अलग - अलग रुपमा व्याख्या, विश्लेषण र प्रयोग हुँदै आएको छ । ( शर्मा , कुवेरनाथ, २०६०)

शिक्षा मानव सभ्यताको मुहान र देश विकासको मेरुदण्ड हो । व्यक्तिको सर्वाङ्गीण विकास गराई उसलाई खरो रुपमा आफ्नो कार्यक्षेत्र लगायत तथा समाजलाई सभ्य, सुसंस्कृत एवं समुन्नत बनाउन शिक्षाको अहम् भूमिका हुन्छ । शिक्षालाई ज्ञानको ज्योति र प्रगतिको अधार पनि मानिन्छ । समाजलाई सही दिशातर्फ अगाडी बढाउन र समाजमा रहेको विकृति, बिसंगति, अन्धबिश्वास तथा कुरीतिलाई सकुल नष्टगरी राष्ट्रको सन्तुलित विकासमा शिक्षा आवश्यक मात्र होइन, अपरिहार्य पनि हुन्छ । (पोखरेल, हरिप्रसाद, २०७०)

मानव सभ्यता र संस्कृतिका विकाससँगै शिक्षाको पनि विकास हुँदै वर्तमान समय सम्म शिक्षालाई समाज विकासको एक अभिन्न अंगको रुपमा विकास गर्न प्लेटो

(इ. पु. ४२९), लेटर (सन. १८५६, रुसो (सन. १७१२)

फ्रोबेल (सन. १७८२), जोनडिबे (सन. १८५७), जस्ता आधुनिक विद्धानअरुले ठुलो मेहनत र पसिना खर्चेका छन् । शिक्षाका विभिन्न रुपहरु मध्ये यसको औपचारिक स्वरुपको रुपमा लिइन्छ । प्राचिनकालमा हाम्रो देशमा पारिवारिक अनुशासन , परम्परागत, चालचलन, रितीरिवाज, संस्कार, पुर्ख्यौली पेसा एवं नीतिनियमलाई नयाँ सन्ततिमा हस्तान्तरण गर्न देवकुल, ऋषिकुल तथा गुरुकुल जस्ता शिक्षा पद्धतिहरु अपनाइएको थियो । जसलाई अनौपचारिक शिक्षा पद्धतिको माध्यमबाट व्यवस्थापन गरिन्थ्यो । समयको गतिसँगै मानिसका इच्छा, आंकाक्षा , चाहना एवं आवश्यकताहरु तीव्र रुपमा बढ्दै गयो र उसले विकासको गतिमा पनि तीव्रता

प्रदान गरियो । परम्परागत शैलीमा प्रदान गरिने शिक्षाले मानवीय आवश्यकतालाई सम्बोधन गर्न सकेन । जसको फलस्वरुप व्यक्ति, परिवार, समाज  र राष्ट्रको आवश्यकता अनुसारको शिक्षा दिने परिपाटीको थालनी भयो । यसरी औपचारिक शिक्षा प्रदान गर्ने परिपाटीको विकास भएको पाइन्छ ।  (बागले , कार्की २०६१०)

हाम्रो देशमा वि. स. २००७ सालमा प्रजातन्त्रको उदय भए पश्चात् नीतिमा निकै सुधार र परिवर्तन गरी विद्यालयको व्यवस्थापन सम्बन्धी योजना निर्माण गर्न विभिन्न शिक्षा आयोगहरुको गठन भएको पाइन्छ । ती आयोगहरुमा राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगहरुको प्रतिवेदन २०५५ जस्ता विभिध आयोगहरुको प्रतिवेनको सिफारिस अनुसार शिक्षा पद्धतिमा सुधार ल्याउन धेरै जमर्को गर्न खोजिएको देखिन्छ । (काफ्ले र साथीहरु)

शिक्षा विकासको मेरुदण्ड हो । तसर्थ शिक्षाको विकास भन्नु नै राष्ट्रियको /देशको विकास हो । जबुसम्म शिक्षाको विकास हुन सक्दैन तबसम्म राष्ट्रिको विकास सम्भ्व छैंन, तसर्थ सरकारले विद्यालय शिक्षालाई प्रभावकारी, गुणस्तरीय एवम् सर्वसुलभ बनायनु पर्दछ  भन्ने मान्यता विकास भइरहेको परिप्रेक्ष्यमा सबैका लागि शिक्षा भन्ने नारालाई विश्वव्यापी रुपमा उठाइएको छ । जसलाई नेपालले पनि जोडदार रुपमा समर्थन गर्न शिक्षाप्रति बढी चासो देखाइएको छ । हाम्रो देशमा विद्यालय सञ्चालन र व्यवस्थापनमा ठोस सरकारी नीति नियमहरु अझसम्मपनि हुन नसकिरहेको अवस्था छ । यसै परिप्रेक्ष्यमा ढिलै भएपनि सरकारले शिक्षामा योजनाबद्ध विकासको अवधारणालाई शिक्षाको विभिन्न माध्यमबाट शिक्षाको विकासमा ठोस कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । राष्ट्रिय बजेटको झण्डै १५ % - १७ % लगानी शिक्षामा गर्दै आधारभूत शिक्षालाई सर्वसुलभ एवं अनिर्वाय गरी शिक्षालाई विशेष जोड दिइएको छ । ग्रामिण विकासको लागि सेती परियोजना र वि. स. २०४२ सालमा प्राथमिक शिक्षा परियोजना सफल पूर्वक सञ्चालन भएको आधारमा सरकारले वि. स. २०४९ सालमा बी. पी. इ. पी. - ६, जिल्लामा सञ्चालन गरी आ. व. २०५२ /२०५३ मा विस्तार गरी ४० जिल्लामा सञ्चालन गरियो । यस सन्दर्भमा आ. व. २०५६ /२०५७ सालदेखि आधारभूत तथा प्राथमिक शिक्षा परियोजनालाई कार्यक्रमको आ. प्र. शि. का II को (२०५६ /२०६१) का नाममा सञ्चालनमा

आयो र आ. व. २०५८ /२०५९) मा देशका ७५ ओटै जिल्लामा लागु समेत गरियो । बी. पी. इ. पी. - II ले लिइएका मुख्य उदेश्यहरु मध्ये संस्थागत क्षमता विकास पनि एक हो । उक्त उदेश्य अन्तर्गत स्थानीय क्षमता अभिवृद्धि पनि पर्दछ । विद्यालय सुधार योजना तालिम पुस्तिका २०५६) ।

नेपाल सरकारले विद्यालय शिक्षाको गुणस्तरमा सुधार ल्याउन चालेका विभिन्न कदमहरु मध्ये विद्यालय सुधार योजना पनि एक महत्वपूढर्ण कार्यक्रम हो । यसको प्रमुख लक्ष्य भनेको विद्यालको चौतर्फी विकासद्धारा विद्यार्थीहरुको उच्च सिकाई उपलब्धि सुनिश्चित गर्नु हो । यर योजनाले विद्यालयको आन्तरिक कुशलता अभिवृद्धि गरि शैक्षिाक क्षतिलाई न्यून गराएर उच्चतम प्रतिफल हासिल गर्नुका साथै विद्यालयको सिकाइ उपलब्धिमा सुधार ल्याउन ठोस कार्यक्रमलाई विशेष जोड दिने गर्दछ ।

यस प्रकारको योजनालाई वि. स. २०६१ देखि मोरङ्ग जिल्लाका सम्पूर्ण स्रोत केन्द्रहरुले निर्णय गरि कार्यान्वगन  गर्ने कार्यक्रम अनुसार कटहरी स्रोतकेन्द्रले पनि आफू अन्तगर्तका सबै विद्यालयहरुको विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । त्यैगरी योजनामा समसामयिक सुधार गरि पुरिस्कृत रुपमा अद्यावधिक योजना बनाई कार्यान्वयन गर्न विद्यालयलाई योवजनाका आधारमा थप अनुदान समेत उपलब्ध गराइएको छ । यसै  अन्तगर्त आधारभूत तहका विद्यार्थीहरुको सिकाइ उपलब्धिमा परेको प्रभावको अध्ययन गरी त्यससँग सम्बन्धित रहेको आवश्यक सल्लाहा र सुझाव दिने यो अध्ययन गरिएको छ ।

### १. २ समस्याको कथन :-

सम्पूर्ण शिक्षाको  आधारशिलाको रुपमा आधारभूत तहको लागि विभिन्न प्रयासहरु भइरहेका छन् । ती मध्ये विद्यालयको व्यवस्थापनमा सुधार गरी विद्यालयको शैक्षिक पक्षमा सुधार गर्न स्थानीय आवश्यकता र अवस्थालाई समेटी स्थानीय तहका विद्यालयहरुसँग प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सरोकार राख्ने सरोकारबालाहरुको सकिय संलगनता र कियारशलता निर्माण गरी यस योजनाले शिक्षण सिकाइ कियाकलापमा सुधार ल्याई सिकाइ उपलब्धिमा पनि सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

विद्यालयको सिकाइ उपलब्धि वृद्धि गर्नका लागि यस कार्यक्रमले के कस्तो भूमिका निर्वाह गरेको छ सोको पहिचान गरी सिकाइ उपलब्धिसँग  यसको अन्तर सम्बन्ध स्थापित भएको छ कि छैन भन्ने बिषयमा पनि अध्ययन गर्नुपर्ने हुन्छ, साथै सिकाइ उपलब्धिको निमार्ण र यसको कार्यान्वयन पक्ष सामुदायिक सहभागिता के कसता छन र सोलाई बढाउनको लागि के कस्तो उपायहरु अबलम्बन गर्नुपर्छ भन्ने तथ्य थाहा पाउन अध्ययको आवश्यकता पर्दछ । वि. स. २०६१ साल देखि यस स्रोत केन्द्रका सम्पूर्ण विद्यालयहरुको गुणस्तरीयता प्रभावकारी रुपमा सञ्चालन हुन नसकी सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर दिन प्रतिदिन लगानीको तुलनामा खस्कदै गइरहेकको र अभिभावकको आर्थिक अवस्थाले धान्न सकी वा नसकी आफ्नो बच्चाहरुलाई संस्थागत विद्यालयतर्फ भर्ना गर्ने परिपाटीले प्रशय पाइरहेको कुरा जनगुनासोको रुपमा उठी रहेको छ र सो जनगुनासो केही हदसम्म सत्य रहेको महसुस गरिएकोले यो अध्ययन गरिएको हो ।

सामुदायिक विद्यालयहरुमा लगानीको तुलनामा शैक्षिक उपलब्धि हाशातित रुपमा प्राप्त हुन नसकिरहेको बिषयवस्तुहरुलाई मध्यनजर राखी विद्यालयहरुको शैक्षिक व्यवस्थापन कमजोर हुन र शिकाइ उपलब्धि न्यून हुनुलाई समस्याको रुपमा लिइको छ । यी समस्याहरु एवम् बिषयहरुमा अभिभावक, प्रधानाध्यापक, शिक्षक, वि. व्य. स. का सदस्यहरु तथा विद्यार्थीहरुको प्रतिकियाहरु थाहा पाई कार्यकम सञ्चालनमा देखिएको प्रमुख समस्या र तीनको समाधानका लागि उपायहरुको खोजी गर्नु नै अध्ययनको प्रमुख आवश्यकता हो ।

## १.३. अध्ययनको औचित्य :

जुनसुकै देशको आधारभुत तहको शिक्षाले त्यस देशको शिक्षा प्रणलीमा महत्वपूर्ण स्थान ओगटेको पाइन्छ । जग बलियो भयो भने मात्र घर पनि बलीयो हुन्छ । भने झै आधारभूत तहको शिक्षा राम्रो भयो भने मात्र देशको शैक्षिक अवश्था सुदृढ र राम्रो हुन सक्दछ । हाम्रो देशमा कुल बजेटको करिब ५५ प्रतिशत रकम आधारभुत तहको शिक्षामा लगानी गरिन्छ । यदि यसमा परिवारको लगानी समेत जोड्ने हो भने यसको प्रतिशत अरु बढने हुन्छ । आधारभुत तह उच्च शिक्षाको आधारशिला भएकोले पनि सरकारले यस तहमा विषेश ध्यान पुर्‍यमएको देखिन्छ साथै आधारभुत तहमा गरिएको राष्ट्रिय लगानीको सामाजिक लाभ पनि तुलनात्मक

रुपमा उच्च शिक्षामा भन्दा बढी नै हुन्छ । त्यसैले प्राथमीक तहको शिक्षा सर्वव्यापी, गुणस्तरीय एवं सर्वसुलभ हुनुपर्छ भन्ने विषयले सर्वमान्यता प्राप्त गरेको छ । हाम्रो देशमा प्राथमीक शिक्षालाई पुर्ण रुपमा निःशुल्क पाठ्यपुस्तक, विभिन्न प्रकारका छात्रबृति, पौष्टिक आहार को व्यवस्था गरेर सबै वालवालिकाहरुका लागि आधारभुत शिक्षाको पहुँच पुर्‍याउन खोजिएको छ । यसै परिप्रेक्ष्यमा विद्यालयको वयवस्थापनलाई सुधार गर्दै शिक्षण सिकाइको अवस्थामा समेत सुधार गरी विद्यार्थीहरुको सिकाइ उपलब्धिमा अभिबृधि गर्न अझ: गुणस्तरीय शिक्षा प्रदान गर्न लागू गरिएको छ ।

कुनैपनि योजना तथा कार्यक्रमले जतिसुकै राम्रो लक्ष्य वा उद्धेश यबोकेको होस तर त्यसको कार्यानवयन पक्ष प्रभावकारी हुन सकेन भने त्यो कार्यक्रम समय, पूँजी र श्रमको नष्ट गर्ने कार्यक्रमको रुपमा मात्र सावित हुन जान्छ । विद्यालय सुधार योजना एक वृहत्तर योजना हो । सिकाइमा गुणात्मक सुधार र क्षमता बढाउनु तथा विद्यालय सेवा क्षेत्र भित्र बसोवास गर्ने सबै जनतालाई शिक्षाको अवसर प्रदान गर्नु यसको प्रमुख उद्धेश्य हो । यसै योजनाले विद्यालयको शैक्षिक अवस्था वृद्धि गर्न के कति सहयोग पुर्‍याएको छ, यस वारे अध्ययन गर्नु आवश्यक देखिन्छ ।

विद्यालय सुधार योजनाले सकारत्मक वा नकारात्मक के कस्तो प्रभाव पारेको छ सोको विषलेषण गरी नकारात्मक प्रभावलाई हटाउन र सकारात्मक प्रभावलाई अझ बढाउन सहयोगि भूमिका निर्वाह गरोस भन्ने आशय का साथ यो अध्ययन गर्न आवश्यक भएको हो । यस कार्यक्रमको संजालमा के कस्ता समस्याहरु आए, तिनको पहिचान गरी आवश्यक समाधानका उपायहरु पत्ता लगाउन समेत यो अध्ययन गरिएको हुँदा अध्ययनको निष्कर्षबाट प्राप्त सुझावहरुले विद्यालय संग प्रत्यक्ष सरोकार राख्ने सरोकारवालाहरु, अभिभावक, शिक्षक, विद्यार्थी, वि.व्य.स. लगायत अन्य सम्बन्धित संघ संस्था एवं निकायहरुलाई र यस संग सम्बन्धित रहेर थप अधययन अनुसन्धान तथा सूचना पर्वाह गरी सहयोग पुर्‍याई दिशा निर्देश गर्ने छ भन्ने आशा गरिएको छ ।

**१.४ अध्ययनको उद्देश्य : -**

यस  अध्ययनका उद्देश्यहरु निम्नानुसार छन् ।

क ) विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने ।

ख ) सिकाइ उपलब्धिमा शिक्षण सिकाइ क्रियाकलापको अवस्थाको अवलोकन गर्ने ।

ग ) शिक्षण सिकाइ क्रियाकलापको समस्याहरु पहिचान गर्ने ।

घ ) समस्याहरुको निराकरणको लागि उपायहरु प्रदान गर्ने ।

**१.५ अनुसन्धानात्मक प्रश्नहरु :-**

आधारभूत तहका कक्षा ४ र ५ को शैक्षिक वर्ष २०७० देखि २०७३ साल सम्मको गणित र अंग्रेजी विषयमा विद्यार्थीहरुको अवस्थाको सम्बन्धमा अध्ययनको लागि स्थलगत भ्रमण, अवलोकन, प्रश्नावली, अन्तर्वाता र भेटघाटका माध्यमबाट निम्न अनुसन्धानका प्रश्नहरुको जबाफ प्रष्ट गर्ने अभिप्रायले यो अध्ययन गरिएको छ ।

क ) कुन कुराले विद्यालयको शैक्षिक उपलब्धिमा प्रभाव पारेको हुन्छ ।

ख ) विद्यार्थीहरुको सिकाइ उपलब्भि न्यून हुनुको कारणहरु के के हुन्छ ।

ग ) शिक्षण सिकाइ क्रियाकलाप गर्दा आइपर्ने समस्याहरु के के हुन् ।

घ ) शिक्षण सिकाइमा सुधार ल्याउन के कस्ता कार्यक्रमहरु राखिएका छन् ।

ङ ) के विद्यालयको सिकाइप्रति अभिभावकअरु सन्तुष्ट छन् ।

च ) के के कारणले गर्दा सिकाइ उपलब्धि उच्च हुन्छ ।

छ ) विद्यार्थीहरुको सिकाइ उपलब्धिमा जनसहभागिता बढाउन के कस्ता उपायहरु

अबलम्बन गर्नुपर्दछ ।

**१.६ अध्ययनको परिसीमा : -**

यो अध्ययन मोरङ्ग जिल्लाको कटहरी स्रोत केन्द्रमा रहेको ४२ वटा सामुदायिक विद्यालय मध्ये ५ वटा विद्यालयलाई अध्ययनमा समेटी सोही स्रोत केन्द्रमा अध्ययनलाई सिमित पारिएको छ । यस अध्ययनमा शैक्षिक वर्ष २०७० देखि २०७३ साल सम्मको कक्षा ४ र ५ आधारभूत तहको अंग्रेजी र गणित विषयको सिकाइ उपलब्धि बीचको वर्तमान अवस्थालाई हेरिएको छ । यो अध्ययन मूलरुपमा स्रोत व्यक्ति, विद्यालयको प्र. अ., शिक्षक, वि. व्य. स. का अध्यक्ष / सदस्य, अभिभावकहरु तथा विद्यार्थीहरुले व्यक्त गरेको तथ्य एवम् प्रतिक्रिया र नियमित रुपमा सञ्चालित गरिएका परीक्षाको प्राप्ताङ्कलाई आधार मानेर सीमा निर्धारण गरिएको छ ।

**१. ७ परिभाषित शब्दहरु : -**

यस अध्ययनमा निम्न शब्दहरुको निम्न बमोजिमको अर्थ प्रयोग भएको छ ।

सामुदायिक विद्यालय :- शिक्षा ऐन २०२८ को सातौं संसोधन २०५८ अनुसार सामुदायिक विद्यालय भन्नाले आफ्नो अध्ययन क्षेत्रमा छनोट गरीएको वा स्वीकृत प्राप्त विद्यालय सम्झनु पर्दछ ।

आधारभूत विद्यालय :- आधारभूत विद्यालय भन्नाले कक्षा १ - ८ सम्मका शिक्षा दिने विद्यालयलाई सम्झनु पर्दछ ।

स्रोत केन्द्र : - आफ्नो अध्ययनको क्षेत्रमा परेको , स्रोत केन्द्र रहेको विद्यालय सहित सेवा क्षेत्र भित्रका सामुदायिक विद्यालयहरु जगाउने गरी प्रयोग गरीएको छ ।

व्यवस्थापन समिति : - व्यवस्थापन समिति भन्नाले आफ्नो अध्ययन क्षेत्रमा परेका अध्यक्ष सहित सदस्यहरुलाई समेत जनाउने अर्थमा प्रयोग गरिएको छ ।

शिक्षक : - शिक्षक भन्नाले प्राधानाध्यापकलाई समेत जनाउने गरी आफ्नो अध्ययन क्षेत्रमा छनोट परेका

कक्षाकोठामा अधययन गराउने व्यक्तिलाई बुझिन्छ ।

स्थानीय तह : - विद्यालयले सेवा पुऱ्याउने क्षेत्रलाई जनाउने अर्थमा प्रयोग गरिएको छ ।

सिकाइ उपलब्धि : - छनोटमा परेका विद्यालयहरुको बिषयगत रुपमा विद्यार्तीहरुले परीक्षामा ल्याएको औषत प्राप्ताङ्कलाई बुझिन्छ । सेवाकालिन तालिम :- आफ्नो अध्ययनको क्षेत्रमा परेको सामुदायिक विद्यालयको स्वीकृत दाबन्दीमा कार्यरत शिक्षकहरुको शै. ज. वि. के. , दूरशिक्षा, आ. प्र. शि। प। बाट सञ्चालित तालिम ।

बालमैत्री शिक्षा : - आफ्नो अध्ययनको क्षेत्रमा परेका विद्याथीहरुलाई नियमका साथै उनीहरुको क्षमता , चाहना र रुची पहिचान गरी रमाइलो वातावरणमा प्रदान गर्ने शिक्षा ।

# परिच्छेद - दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन

### २.१ साहित्यको पुनरावलोकन :

यस अध्ययन संग मिल्ने खालको प्रयाप्त सामग्रिहरु पनि विद्यालय सुधार योजना लागू गराउनमा खेल्ने शिक्षा आयोगका प्रतिबेदनहरु विद्यालय सुधार योजनासंग सम्बन्धित शोध पत्र र सम्बन्धित केही लेखहरुलाई समबन्धित साहित्यको अध्ययनको रुपमा लिइएको छ ।

नेपाल राष्ट्रिय शिक्षा आयोग २०११ को प्रतिबेदनले गरेका शिफारिसहरु मध्ये बिकेन्द्रिकरणको सिद्धान्त पनि एक हो । यसलाई यसरी उल्लेख गरिएको छ । केन्द्रिय देखि स्थानिय तह सम्म प्रशाशनिक निकाय तथा प्रबन्ध समितिलाई पुन : संगठित गरी प्रशाशन र निरिक्षणलाई आधुनिक तथा प्रजातान्त्रिक पद्धती र विकेन्द्रिकरण लाई प्रत्याभुत गर्न सक्ने बनाइनु पर्दछ ।

शर्मा (२०४९), त्यसै गरी नेपालमा शिक्षा २०११ राष्ट्रिय शिक्षा योजना आयोगको शिफारिस संख्या नौ मा यसरी उल्लेख गरिएको छ । ठूलो परिमाणमा बिकेन्द्रिकरण सहित आधुनिक प्रजातान्त्रिक चलनहरु सित मिल्दो पार्न मन्त्रालय देखी लिएर तलका स्थानिय प्रबन्ध समिती सम्म प्रबन्धिय र रेखदेखको समितिहरुको नया कमकको लागि सिफारिस गर्दछ । शिक्षाले चाँडो फैलनु छ भने गाउका जनता देखी फस्ताउनु पर्दछ । स्थानिय समितीहरुले ठुलो मात्रामा जिम्मेवारी स्वीकार नगरे सम्म आयोगले सिफारिस गरेका कार्यक्रमहरु पुरा गर्न केन्द्रिय सरकार संग नत जनवल छ नत धनबल नै । यसै कारण ले विकेन्द्रिकरण आवश्यक छ ।

खतिवडा (२०६२), राष्ट्रिय शिक्षा आयोगको प्रतिबेदन २०४९ ले विद्यालय व्यवस्थापन समिति लाई सबल कनाउन निम्नानुसारका अधिकारहरु दिनु पर्ने उल्लेख गरिएको छ । व्यवस्थापन समितिलाई भौतिक सुविधा जुटाउने, विद्यालय सम्बन्धि सरुवा बढुवाको सिफारिस गर्ने अधिकार दिनु पर्द छ ।

शिक्षा विभाग (२०६०), त्रिभुवन विश्वविद्यालय शिक्षा विभाग तथा अनुसन्धान केन्द्र फमेटिभ अनुसन्धान परियोजना द्वारा वि.स.२०६० मा प्रकासित पुस्तिकामा शैक्षिक क्षेत्रमा बिकेन्द्रिकरण

सुधार प्रक्रिया संचालनका लागी आधारभुत तथा प्राथमिक शिक्षा कार्यक्रमले अधिराज्यका पाँच जिल्लामा परिक्षण कार्यक्रको रुपमा विद्यालय सुधार योजना प्रारम्भ गरेको छ ।

खतिवडा (२०६२), ले त्रिभुवन विश्वविद्यालय शिक्षाशात्र शंकाय शेक्षिक योजना तथा व्यवस्थापन विभाग महेन्द्र रत्न क्यामपस ताहाचल काठमाडौमा निज विद्यार्थीले प्रस्तुत गर्नु भएको शाध पत्रमा विद्यालय सुधार योजना र सिकाइ उपलब्धिबीच प्रत्यक्ष सम्बन्ध रहेको देखिन्छ ।

यस अध्ययनको क्रममा शोधकर्ताले निम्न निष्कर्शहरु पेश गर्नु भएको छ ।

क) विद्यालयको उन्नतीको लागि सृजना गरे तापनि सवै सरोकारवालालाई स)लगन गराई योजना प्रभावकारी वनाउन अफै सकिरहेको छैन ।

ख) विद्यालयको भौतिक र आर्थिक व्यवस्थापन गर्नेमा केही हदसम्म सफल भएको देखाए तापनि शैक्षिक उपलब्धि वृद्धि गर्ने खालको कार्यक्रमहरुलाई विशेस रुपमा समेटन सकेको छैन ।

ग) विद्यालयले बनाएका योजनाहरु महत्वकाक्षी छन भने सिकाइ उपलब्धि स्तर न्युन छ ।

घ) गरीव तथा विपन्न वर्ग र श्रामिक वर्गका छोराछोरीहरुको मात्र सामुदायिक विद्यालयहरमा सहभागिता बढिमात्रामा देखिएकोले पनि सिकाई उपलब्धि न्युन भएको हुनसक्दछ ।

ङ) विद्यार्थीहरको नियमित उपस्थिती न्युन हुनु, शैक्षिक सत्र भरिमा तोकिएको दिन सम्म विद्यालय संचालन हुन नसक्नु , विविध खाले बन्द हडतालको असर विद्यालयमा पर्नु पनि शिकाइ उपलब्धि न्युन हुनका कारक तत्वहरु हुन ।

आर्थिक वर्ष २०६०/२०६१ मा शिक्षा मन्त्रालय शिक्षा विभाग सानो ठिमी भक्तपुरले नेपालको ५ वटा विकास क्षेत्रका हिमाल , पहाड र तराई जस्ता सबै भौगोलिक विकटताहरुलाई आधारमानी शहरी एवं ग्रामिण क्षेत्रका विद्यालयलाई समेटी गरेको अध्ययनले कक्षा ४ र ५ को गणित र अंग्रजी विषयको विषयगत उपलब्धि निम्नअनुसार प्रस्तुत गरेको छ ।

**गणित :**

भौगोलिक क्षेत्रको अवस्था हेर्दा पनि उस्तै देदिन्छ । हिमाली क्षेत्रको औषत सिकाइ उपलब्धि २२.०४ प्रतिशत मात्रै छ । काठमाडौं उपत्यकाको उपलब्धि स्तर भने ४१.१३ प्रतिशत रहेको छ । गणित विषयमा ग्रामिण र शहरी क्षेत्रका विद्यालयको क्षत्र र छात्राको शैक्षिक उपलब्धिमा खासै भिन्नता रहेन ।

**अंग्रजी :**

क्षेत्रिय हिसावमा मध्यपश्चिमाञ्चल को सवै भन्दा कम ३३.५ प्रतिशत औषत उपलब्धि रहियो भने सबै भन्दा बढि ल्याउने मध्यमाञ्चलको औषत उपलब्धि ५२.०५ रहियो । सुदुरपरिमाञ्चल को औषत उपलब्धि ३५.५७ प्रतिशत रहेको पाइयो । उक्त उपलब्धि खासै राम्रो रहेन ।
भौगोलिक दृष्टिकोणले पनि हिमाली क्षेत्रको औषत उपलब्धि ३३.२४ प्रतिशत छ भने काठमाडौ उपत्याको सबभन्दा बढि ६२.१२ प्रतिशत ल्याउने गरेको क्षेत्रको रुपमा देखियो । पहाडी र तराई क्षेत्रको उपलब्धि यसैको विचमा रहियो ।

ऋहिले सम्म प्राप्त गरेका शैक्षिक सुधार लाई समायोजन गर्नु पर्ने यस अध्ययनले पहिचान गरेको सिकाई उपलब्धिमा महत्प दिदै शैक्षिक सुधारका योजना हरु बनाउनु पर्ने, नेपालका विभिन्न तहका विद्यार्थीहरुलाई आधारभुत सिकाइ उपलब्धिको आवश्यकताको पहिचानका निम्ति एक कार्य दल गठन गरि अध्ययन गर्नु पर्ने (शिक्षा विभाग २०६१) छ ।

## परिच्छेद : तीन

## अध्ययनको विधि

यस परिच्छेदमा अनुसन्धान ढाँचा, विधि, साधन र प्रक्रिया जस्ता कुराहरु प्रस्तुत गरिएको छ ।

**३.१.** यस अध्ययनको लागी परिमाणत्मक तथा गुणत्मक दुवै प्रकारको तथ्यांक एवं सुचनाहरुको आवश्यकता भएकोले दुवै प्रकारका तथ्यांकहरु गरिएको उपलब्ध गरिएको सिकाई उपलब्धि संग सम्बन्धित तथ्यांक एवं सुचनाहरु वि.व्य.स. का पदाधिकारीहरु, प्र.अ., शिक्षक, स्रोतव्यक्ति , अभिभावक तथा विद्यार्थीहरको अनुभव एवम् धारणाहरुलाई आवश्यक प्रश्नावली , अन्तरवार्त, तथा भेटघाटका माध्यमबाट तथ्यांक लिने कार्य गरेको र सिकाइ उपलब्धिमा सुधार आएको वा नआएको विश्लेषण तथा लेखा जोखा एवम् तुलना गर्न छनौटमा परेको सबै विद्यालयहरुमा अध्ययनकर्ता आफै गई आवश्यकको परिक्षा नतिजालाई मार्क लेजरबाट लिने काम गरिएको छ । यस अध्ययनको क्रममा आधारभुत तहको तथ्यांक लाई प्राथमीक दिई अध्ययनलाई बढि बस्तुगत र विश्वासनिय बनाउने प्रयास गरिएको छ ।

# अध्ययन रणनीति

| क्र.स. | उद्देश्यहरु | साधनहरु | प्रतिक्रिया दाताहरु | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्र.अ | शिक्षक | अभिभावक | श्रोतव्यक्ति | विद्यार्थी | सदस्य |
| १ | विद्यार्थीको सिकाइ उपलब्धीको लेखा जोखा गर्ने | प्रश्नावली | ✓ | ✓ | | ✓ | | |
| | | अन्तरवार्ता | | | ✓ | | ✓ | ✓ |
| | | अवलोकन | | ✓ | | | ✓ | |
| २ | सिकाइ उपलब्धी मा शिक्षण सिकाइ क्रियाकलापको मूल्यांकन गर्ने | प्रश्नावली | ✓ | ✓ | | ✓ | | |
| | | अन्तरवार्ता | | | ✓ | | ✓ | ✓ |
| ३. | शिक्षण सिकाइ क्रियाकलापको समस्याहरु पहिचान गर्ने | प्रश्नावली | ✓ | ✓ | | ✓ | | |
| | | अन्तरवार्ता | | | ✓ | | ✓ | ✓ |
| | | कक्षा अवलोकन | | ✓ | | | ✓ | |
| ४ | समस्याहरुको निराकरणको लागि उपायहरु प्रदान गर्ने | प्रश्नावली | ✓ | ✓ | | ✓ | | |
| | | अन्तरवार्ता | | | ✓ | | ✓ | ✓ |
| | | कक्षा अवलोकन | | ✓ | | | ✓ | |
| | | दस्तावेज अध्ययन | आवश्यक अभिलेख तथा दस्तावेजहरु | | | | | |

**३.२ जनसंख्या :**

यस अध्ययनको लागी मोरंग जिल्लाको कटहरी स्रोतकेन्द अन्तरगतका ४२ वटा सामुदायिक विद्यालय मध्ये ५ वटा सामुदायिक विद्यालयको आधारभुत तहमा कार्यरत ३६ जना शिषक / शिक्षिका र एक जना स्रोतव्याक्ति , आधारभुत विध्यालयको तहमा अध्ययनरत छात्र ३८१ र छात्रा ४९८ गरी जम्मा ८७९ जना विद्यार्थी , वि.व्य.स. का पदाधिकारी एवम् अभिभावकहरलाई जनसंख्याको रुपमा छनौट गरिएको छ ।

**३.३ नमुना छनौट :**

यस अधययनमा सिमित स्रोत र साधन एवम् समयको अभाव तथा भौगोलिक वनावट निकै फैलिएको श्रोत केन्द भएका कारणले ४२ ओटा विद्यालय मध्ये ५ ओटा आधारभुत विद्यालयलाई मात्र नमुना को आधारमा छनौट गरी त्यस संग सम्बन्धि निम्न अनुसारको जनसंख्या लाई छनौट गरिएको छ ।

**तालिका नं.१**

**अध्ययनको जनसंख्या**

| क .सं. | विवरण | संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| १ | स्रोत व्याक्ति | - | १ | १ |
| २ | प्र.अ. | - | ५ | ५ |
| ३ | शिक्षक | - | ५ | ५ |
| ४ | वि.व्य.स. अध्यक्ष | - | ५ | ५ |
| ५ | वि.व्य.स. सदस्य | ५ | - | ५ |
| ६ | अभिभावक | - | १० | १० |
| ७ | विद्यार्थी | ५ | ५ | १० |
| | जम्मा | १० | ३१ | ४१ |

**स्रोत स्थलगत अध्ययन २०७४,**

**ख) नमुना छनौट विधि :**

यस अध्ययनबा लागी आवश्यक पर्ने तथ्यांक संकलन गर्नका लागि कटहरी स्रोत केन्द्र अन्तरगतका ४२ वटा विद्यालय मध्ये उद्येश्य मुलक नमुना छनौट विधिका आधारमा ५ वटा विधालयहरु छनौट गएिको छ । ति विद्यालयहरु संग सम्बन्धित शिक्षक अभिभावकलाई उद्धेश्यमुलक छनौट विधि अपनाई छनौट प्रक्रिया गरेको छ । प्र.अ. र वि.वय.अध्यक्ष/सदस्य एवम् स्रोत व्याक्ति लाई गुगात्मक आधारमा छनौट गरी प्रश्नावलिको आधारमा आवश्यक प्राथमीक तथ्यांक संकलन गरिएको छ । त्यसै गरी विद्यालयको अभिलेखबाट प्रप्त तथ्यांकलाई औषत गणना साहयक तथ्यांकको रुपमा प्रयोग गरिएको छ ।

**ग).नमुनजाको आधारहरु :**

मोरङ्ग जिल्लाको कटहरी श्रोतकेन्द अन्तरगत यस श्रोतकेन्दका विद्यालयहरुमा श्री जनता मा.वि.पोखरिया , श्री भवानी प्रावि.पोखरिया , श्री जानमी प्र.वि. मझारे, श्री दुर्गा मा.वि. मझारे , श्री जनपृय मा.वि. कटहरी हुन । जुन विद्यालय यस श्रोत केन्द्र अन्तरगतका विद्यालयहश्रको वस्तुसिथिती उवम् जनसंख्या संग केही हत सम्म परिचित भएकोले अध्ययनलाई सम्बन्धित व्याक्तिहरु संग मात्र सिमित राखी बढि वस्तुगत र व्यवहारिक बनाउनको लागी सहि सुचना प्राप्त गर्ने आधारमा ५ ओटा विद्यालय छनौट गरिएको छ ।

**३.४ तथ्यांकका श्रोतहरु :**

यस अध्ययनका लागि आवश्यक पर्ने सुचना एवं तथ्यांकहरुलाई निम्न श्रोतहरु वट संकलन गरिएको छ ।

**क) प्राथमीक श्रोत :**

यस अध्ययनका लागी आवश्यक पर्ने सुचना एवम् तथ्यांकहरु श्रोत , व्याक्ति, वि.व्य.स. का पदाधिकारी, प्र.अ. शिक्षक, अभिभावक एवम् विद्यार्थीहरुलाई प्राथमिक श्रोतको रुपमा लिई प्राथमिक तथ्यांकहरु संकलन गरिएको छ ।

**ख) द्धितिय श्रोत :**

यस अध्ययनको क्रममा आवश्यक पर्ने तथ्यांक एवम् सुचनाहरु विद्यालयको अभिलेख अध्ययन, श्रोतकेन्द्रका अभिलेख अध्ययन,जि.शि.का.मोरङ्गमा वुलेटिन, विभिन्न पत्र पत्रिका तथा सन्दर्भ पुस्तकहरलाई साहयक श्रोतको रुपमा लिई साहयक तथ्यांक संकलन गरिएको छ ।

**३.५ अनुसन्धानका साधनहरु :**

यस अध्ययनको ऋममा निम्नानुसारका साधनहरुको प्रयोग गरि तथ्यांक संकलन गरिएको छ ।

**क) प्रश्नावली** :

अधययनकर्ताले अध्ययनका लागी प्रश्नावली फारम निमार्ण गरि श्रोतव्याक्ति , प्र.अ. तथा शिक्षकहरुलाई छुटाछुटै प्रश्नावली फारम भर्न लागाई आवश्यक तथ्यांक एवं प्रतिक्रियाहरु संलगन गरिएको छ ।

प्रयोग गरिएका प्रश्नावली लाई अनुसूची १ र २ मा राखिएको छ ।

**ख) अनतरवार्ता :**

अध्ययनकार्ताको नमुनामा परेका सबै विद्यालयहरुमा पुगी त्यस संग सम्बन्धित अभिभावकहरु , वि.व्य.स. का सदस्य र विद्यार्थीहरु संग अन्तरवार्ता लिई आवश्यक सुचना एवं तथ्यांकहरु स.कलन गरिएको छ ।

प्रयोग गरिएका अन्तरवार्ताहरुलाई अनुसूची ३,४ र ५ मा राखिएको छ ।

**ग) औषत सिकाइ उपलब्धी फारम :**

यस अध्ययनको क्रममा अध्यनकर्ता सिकाइ उपलब्धि संग सम्बन्धित रहेर औषत सिकाइ उपलब्धि फारमको निर्माण गरी छनौटमा परेका विद्यालयमा पुगी विद्यार्थीहरुको मुल्या.कन अभिलेखबाट अंक गणना गरी औषत सिकाइ उपलब्धि फारम भरिएको छ ।

प्रयोग गरिएको औषत सिकाई उपलब्धि फारम लाई अनुसूची ७ मा राखिएको छ ।

**घ) अवलोकन फारम :**

शिक्षण सिकाई क्रियाकलापको वास्तविक अध्ययनको लागि अवलोकन फारम भरिएको छ । प्रयोग गरिएको फमरमलाई अनुसूची ६ मा राखिएको छ ।

**३.६ साधनको बैधता :**

यस अध्ययनको क्रममा आवश्यक सुचनाहरु संकलनको लागि प्रश्नावली , अन्तरवार्ता तथा अवलोकन जस्ता साधनहरुको निर्माण गरी ति साधनहरुले आवश्यक सुचना संकलन गर्न सक्छन कि सक्दैनन् भनी विद्यालयका प्र.अ., शिक्षक तथा श्रोतव्याक्तिलाई देखाई परामर्शका आधारमा साधनहरुका बैधता निर्धारण गरिएको छ ।

**३.७ तथ्यांक संकलन प्रक्रिया :**

**कं) प्रश्नावली :**

प्र.अ., शिक्षक तथा श्रोतव्याक्तिलाई प्रश्नावली भराई आवश्यक सूचना संकलन गरिएको छ ।

**ख) अन्तरवार्ता :**

अभिभावक, विद्यार्थी तथा वि.व्य.स. का सदस्यहरु संग अन्तरवार्ता लिई आवश्यक सूचना संकलन गरिएको छ ।

**ग) दस्तावेज अध्ययन / अभिलेख :**

मार्कलेजर, शिक्षक निर्देशिका तथा ऐन नियम संग सम्बन्धित पाठ्यपुस्तक जस्ता दस्तावेज एवं अभिलेखहरु अध्ययन गरी आवश्यक सूचनाहरु संकलन गरिएको छ ।

**३.८ तथ्यांकको विश्लेषण को प्रक्रिया :**

यस अध्ययनको उद्धेश्य पुरा गर्न गुणत्मक तथा परिमानात्मक दुबै प्रक्रियामा तथ्यांक र सूचनाहरु संकलन गरिएको छ । संकलन गरिएको तथ्यांक र सूचनाहरुलाई तिनिहरुको प्रकृतिको आधारमा वर्गिकरण गरी ग्राफ र चार्टमा प्रस्तुत गरि उद्धेश्य अनुसार तिनिहरुको तुलना गर्न शैक्षिक सत्र २०७० देखी २०७३ सम्मको कक्षा ४ र ५ को विद्यार्थीहरुले गणित र अंग्रजी विषयमा प्रप्त गरेको शिकाई औषत सिकाई उपलब्धि पत्ता लगाइएको छ ।

## परिच्छेद : चार

## तथ्यांकको व्याख्या, विश्लेषण र परिनाम

यस अध्ययनका लागि संकलन गरिएको तथ्यांक सूचना, धारणा र सिकाई उपलब्धीलाई क्रमै संग उपयुक्त तालिकाको प्रदर्शन विश्लेषण र व्याख्या निम्न अनुसार गरिएको छ।

### ४.१ आधारभुत तहको विद्यार्थीको सिकाइ उपलब्धीको अवस्था :

विद्यालयको प्रमुख कार्य भनेको नै प्रभावकारी दढंगले शिक्षण सिकाइ क्रियाकलाप संचालन गरि अपेक्षित उदेश्य प्राप्त गर्नु हो। आफ्नो सेवा क्षेत्रमा रहेका विद्यालयमा विद्यँलय जाने उमेर समुहका वालवालिकालाई विद्यालयमा भर्ना गरि स्तरीय गराउने विद्यालयको प्रमुख उदेश्य रहेको हुन्छ। विद्यार्थीको सिकाई स्तर उच्च रहयो। भने मात्र उर्तीण प्रतिशत पनि उच्च रहन्छ। विद्यँर्थीको सिकाई स्तर मापन एवम् मुल्यांकन का कार्यक्रमहरु सञ्चालन गर्दछु। विद्यार्थीले प्राप्त गरेका ज्ञान सीप र अभिवृति को मापन गर्ने प्रमुख साधन नै परीक्षा हो। परीक्षामा प्राप्त अंकको आधारमा नै विद्यँर्थीहरुको क्रमशः प्रथम, द्धितिय र तृतिय क्ष्ँणीमा राखिन्छ। भने त्यसरी नै सबैका क्रम निर्धारण गरिन्छ। त्स्तै विद्यार्थीहरुले परीक्षामा प्राप्त गरेको अंकको आधारमा उनीहरुको क्षेणी निर्धारण गरिन्छ।

पाठ्यक्रमले तोकेको सिकाई उपलब्धीहरु जति बढी मात्रामा विद्यार्थीहरुले ग्रहण गर्न सकेको छन्। त्यति नै मात्रामा विद्यालयको नतिजा राम्रो हुन्छ। विद्यालयको शैक्षिक कार्यक्रमहरुले सबै विद्यार्थीहरुलाई मथिल्लो कक्षामा उर्तीण गराउने लक्ष्य लिएका हुन्छन्। विद्यालयको व्यवस्थापनलाई सुधार गरी सिकाई उपलब्धीमा सुधार ल्याउनेका लागि कटहरी स्रोत केन्द्रको विद्यालय सुधा योजनाको प्रमुख उदेश्यभ नेको विद्यार्थीको सिकाई उपलब्धीमा सुधार ल्याउनु हो। त्यस उदेश्य अनुसारको प्रभाव हेर्नलाई यो अध्ययन गरिएको हो। शिक्षक, वि.व्य.स. का पदाधिकारी र अभिभावकहरुका विचार लिनुका सबथै भनाई र गराईमा के कति फरक छ, भन्ने कुरालाई हेर्न प्राथमिक तहको वि.स. २०७० साल देखि वि.स. २०७३ साल सम्मको विद्यार्थीले प्राप्त गरेको अंग्रेजी र गणित विषयको श्रोत केन्द्र स्तरीय औसत प्राप्ताङ्कलाई तुलना गरिएको छ।

४.१.१ सिकाई उपलब्धीको विश्लेषण :

शैक्षिक सत्र २०७० देखि २०७३ सम्मको कटहरी श्रोतकेन्द्र को श्रोत केन्द्र स्तरीय औषत सिकाई उपलब्धीलाई हेर्दा निम्नानुसार पाइयो ।

## तालिका नं. २

विषयगत औषत प्राप्ताङ्क

शैक्षिक सत्र २०७० देखि २०७३ सम्म

कटरी श्रोत केन्द्र, मोरङ

| क.स. | शैक्षिक सत्र | विषयगत औषत प्राप्ताङ्क | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | कक्षा :-४ | | कक्षा : -५ | | |
| | | अंग्रेजी | गाणित | अंग्रेजी | गणित | |
| १ | २०७० | ४३ | ४३ | ४३ | ४७ | दशमलवको |
| २ | २०७१ | ४८ | ५६ | ५५ | ५४ | आधारमा |
| ३ | २०७२ | ५५ | ५३ | ५६ | ६१ | शुन्यान्तर |
| ४ | २०६३ | ५३ | ४८ | ५९ | ५४ | गरिएको |


श्रोत : स्थलगत अध्ययन, २०७३

माथिका तालिका अनुसार शैक्षिक सत्र : २०७०, २०७१, २०७२ र २०७३ को कक्षा ४ को अंग्रेजी विषयको औषत प्राप्ताङ्क क्रमश : ४३। ४८। ५५, ५३ र कक्षा ५ को अंग्रेजी विषयको औषत प्राप्ताङ्क क्रमश : ४३, ५५, ५६, ५९ पाइयो । त्यसै गरि सोही शैक्षिक सत्रहरुको कक्षा : ४ को गणित विषयको औषत प्राप्ताङ्क क्रमशः ४३, ५६, ५३, ४८ र कक्षा ५ को गणित विषयको औषत प्राप्ताङ्क क्रमश : ४७, ५४, ६१, ५४ पाइयो ।

माथिको तालिकालाई तलको रेखा चित्रको सहयोग लिई अझ स्पष्ट पार्न सकिन्छ ।


## तालिका नं. २ "क"

कक्षा ४ को अंग्रेजी र गणित विषयको औषत प्राप्ताङ्क



**तालिका नं. २ “ख”**

कक्षा ५ को अंग्रेजी र गणित विषयको औषत प्राप्ताङ्क




माथि उल्लेखित प्राप्ताङ्कलाई अध्ययन गर्दा शैक्षिँक सत्र २०७०, २०७१, २०७२, २०७३ को औषत प्राप्ताङ्क निम्न अनुसार पाइयो ।

## तालिका नं. ३

### विषयगत औषत प्राप्ताङ्क

| कक्षा | विषयगत औषत | | |
|---|---|---|---|
| | अंग्रेजी | गणित | कैफियत |
| ४ | ४९.७५ | ५० | |
| ५ | ५३.२५ | ५४ | |
| | | | |

श्रोत : विद्यालय अभिलेख २०७३

माथिको तालिका अनुसार शैक्षिक सत्र २०७० देखि २०७३ को कक्षँ ४ को अंग्रेजी र गणित विषयको औषत प्राप्ताङ्क क्रमशः ४९.७५ र ५० र कक्षा ५ को अंग्रेजी र गणित विषयको औषत प्राप्ताङ्क ५३.२५ र ५४ पाइयो ।

जसलाई अत्यन्त सकारात्मक मान्न सकिन्छ ।

**४.२. सिकाइ उपलब्धिमा शिक्षण सिकाइ क्रियाकलापको अवस्था :**

**४.२.१** गण्ति विषयको कक्षा अवलोकन गर्दा यस अध्ययनको ब्रममा अध्यन कर्ताले छनौटमा पारेका विद्यालयहरूमा गई कक्षा अवलोकन गर्दा खेरी शिक्षकले आगमन र निगमन विधी तथा विभिन्न किसिमका उदाहरण सुत्रहरु गरी गणित विषय पढाउदै हुनु हुनथ्यो । विद्यार्थी सक्रिय रुपमा सहभागी भएर पढिरहेका थिए । शिक्षकले सुरुमा सरल गर भन्ने पाठको एउटा हिसाव बनाएर देखाउनु भयो । त्यस पछि शिक्षकले विद्यार्थीहरुलाई अर्को हिसाव बनाउन लगाउनु भयो । र विदार्थीहरुले त्यो हिसाव वनाएर देखाए । त्यस पछि विद्यार्थीहरुले एक पछि अर्को हिसाव गर्दे गए । अन्तमा शिक्षकले त्यस दिन पढाएको अभ्यासको  सम्पुर्ण हिसाव विद्यार्थीहरुलाई गृहकार्यको रुपमा घरबाट बनाएर ल्याउने भनेर सल्लाह दिनु भयो ।

अध्यापनको कममा शिक्षकले सरल गर्दा खेरी पहिला सानो कोष्टको क्रिया गर्ने , त्यसपछि मभौला कोष्ट र अन्तमा ठुलो कोष्को क्रिया गर्नु पर्छ भनेर विद्यार्थीहरुलाई सम्भ्काउनु बुभ्काउनु भयो ।त्यस्तै गरी चिन्नहहरु पहिला भगाको , त्यसपिछ गुणनको तयस पछि जोडको र अन्तमा घटाउ चिन्हको क्रिया गर्नु पर्छ । भनेर शिषक ले विद्यार्थीहरुलाई सम्भ्काउनु भयो । अध्ययनको क्रममा शिक्षकले विद्यार्थीहरुलाई विषय बस्तुहरु संग सम्बन्धित रहेर प्रश्नहरु सोधनु हुनुहुन्थ्यो । त्यसपछि विधार्थीहरले जवाफ दिन्थो । जवाफ नदिने विद्यार्थीहरुको लागी शिक्षकले पुनः पृष्ठपोषन दिनुहुल्थ्यो ।  यसै अध्ययनको कममा शिक्षकले बीच बीच मा समुहगत रुपमा समस्या सामाधान गरेर देखाउदथे ।

यस किसिमको शिक्षण क्रियाकलापले गर्दा विद्यार्थीहरुले प्राप्त गरेको सिकाई उपलब्धि लाई तुलना गर्दा खेरी सिकाई उपलब्धि राम्रो तथा शनतोषजनक पाइयो । यस्तो किसिमको शिक्षण सिकाइले विद्यार्थीहरुको सिकाई उपलब्धि साकारत्मक प्रभाव परेको देखियो । समग्रमा गणित विषयमा विद्यार्थीहरुको औषत सिकाई उपलब्धि ४९/५० प्राप्त गरेको देखियो जुन सिकाई उपलब्धि लाई अत्यन्तै साकारात्मक मान्न सकिन्छ ।

### ४.२.२ अंग्रजी विषयको कक्षा अवलोकन गर्दा :

यस अध्ययनको कममा अध्ययन कर्ताले अंग्रेजी विषयको कक्षा अवलोकन गर्दा खेरी शिषकले शुरुमा पाठ संग सम्बन्धित विषय बस्तुमा रहेर पहिला शब्दहरको अर्थ लेखाउनु भयो त्यसपछि शिषकले पाठलाई अंग्रजीमा पढदै नेपालिमा उल्था गरेर सुनाउनु भयो । शिक्षकले पढाइसकेपछि विद्यार्थीहरुलाई पनि त्यो पाठ सवाध्ययन गर्न लगाउनु भयो । विद्यार्थीहरु त्यो पाठ पढे । त्यो दिन विद्यार्थीहरुको सहभागिता संतोषजनक नै पाइयो । कक्षा कोठामा विद्याथीहरु प्ढनको लागी उत्साहित थिए । शिक्षकले अध्ययनको क्रममा अंग्रेजी शब्दका शब्दपत्तिहरु चेखाउनु भयो र विद्यार्थीहरुलाई पढन लगाउनु भयो । त्यसपछि शिक्षकले समुहगत रुपमा विषय बस्तुमा केन्द्रित रहेर छलफल गर्नु भयो । शिक्षकले विद्यार्थीहरुलाई केही शब्दहरु कालो पाटीमा लेख्न लगाउनुभयो र विद्यार्थी पनि ति शब्दहरु कालो पाटिमा लेखेर देखाए । त्यसपछि शिक्षकले विद्यार्थीहरुलाई लेखाएका शब्दहरको अर्थ स्मरण गरेर आउने र पढाएको पाठलाई लेखेर ल्याउने भनेर गृहकार्यको रुपमा दिनु भयो । शिक्षले वीचवीचमा पाठ संग सम्बन्धित प्रश्नहरु विद्यार्थीहरुलाई सोधने गर्थे र कतिपय विद्यार्थीहरुले जवाफ दिन्थे र जवाफ नदिने विद्यार्थीहरुको लागी शिक्षकले पृष्ठपोषण दिनु हुन्थ्यो ।

यस किसिमको शिक्षण सिकाइ क्रियाकलापले गर्दा विद्यार्थीहरुले प्राप्त गरेको औषत सिकाइ उपलब्धिसंग तुलना गर्दाखेरी सिकाइउपलब्धि राम्रो तथा सन्तोष जनक पाइयो । यस्तो किसिमको शिक्षण सिकाइले गर्दा विद्यार्थीहरुको सिकाई उपब्धिमा साकारात्मक प्रभाव पारेको देखियो । समग्रमा अंग्रेजी विषयमा विद्यार्थीहरुको सिकाई उपलब्धि ५३/५४ प्राप्त गरेको देखियो । जुन सिकाइ उपब्धिलाई साकारात्मक मान्न सकिन्छ ।

यसरी समग्रमा यस्तो प्रकारको शिक्षण सिकाइ क्रियाकलापले गर्दा विद्यार्थीहरुको सिकाइ उपलब्धि राम्रो रहेको प्रतिक्रिया प्र.अ. तथा शिक्षकहरुले व्यक्त गर्नु भयो ।

### ४.३ शिक्षण सिकाइ क्रियाकलापको समस्याहरुको व्याख्या र विशलेषण :

### ४.३.१ वालवालिकाको सिकाई उपलब्धी कमजोर हुनुको कारण :

वालवालिकाको सिकाई कुनै एख्क तत्वले मात्र प्रभाव पार्दैन् । सिकाईलाई उसको घरपरिवार, विद्यालय, समाज, विद्यार्थीको शारीरिक तथा मानसिक स्थिति आदिलाई प्रभाव पार्दछ । यहि कारणहरुले गर्दा कुनै विद्यार्थीको शैक्षिक उपलब्धी राम्रो हुन्छ भने कसैको नराम्रो हुने गर्दछ । वालवालिकाको सिकाई उपलब्धी लाई कमजोर बनाउने तत्व मध्ये सबैभन्दा बढी प्रभाव पार्ने तत्वहरुको सर्न्दभमा छनौट मा परेका प्र.अ. शिक्षक, आएको थियो जसलाई तालिकामा देखाई व्याख्या गर्ने प्रयास गरिएक्षे छ ।

**तालिका ४ वालवालिकाको सिकाई उपलब्धी कमजोर हुनुको कारण :**

| कारण | प्र.अ. | शिक्षक | वि.व्य.स.कापदाधिकारी/अभिभावक | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| आर्थिक अवस्था | २ | ७ | २० | २९ | |
| दिमागको कारण | - | ५ | १० | १५ | |
| विद्यार्थीको | ३ | ८ | २ | १३ | |
| शिक्षक तालिका | - | - | ३ | ३ | |
| जम्मा | ५ | २० | ३५ | ६० | |


श्रोत प्रश्नावलीवाट प्राप्त नतिजा, २०७३

माथिको तालिका प्र.अ. , शिक्षक, अभिभावकहरुलाई सिकाई उपलब्धी कमजोर हुने कारणहरु के के होलान् ? भन्ने प्रश्नमा २ जना प्र.अ. ले आर्थिक अवस्था , ३ जनाले विद्यार्थीको

लगनशीलताले भन्ने जवाफ दिएको पाइयो । भने सोही प्रश्न शिक्षकलाई गर्दा २० जना मध्ये ७ जनाले आर्थिक अवस्था , ५ जनाले दिमागको कारण र ८ जनाले विद्यार्थीको लगनशीलताले भन्ने जवाफ प्राप्त भयो । भने ३५ जना वि.व्य.स. पदाधिकारी तथा अभिभावकहरुलाई ोही प्रश्न गर्दा २० जनाले आर्थिक अवस्था , १० जनाले दिमागको कारण , २ जनाले विद्यार्थीको लगनशीलता र ३ जनाले शिक्षक तालिमले भन्ने जवाफ दिएको पाइयो । समग्रमा हेर्दा ६० जना मध्ये २९ जनाले आर्थिक अवस्था १५ जानले विद्यार्थी दिमागको कारण १३ जनाले विद्यार्थीको लगनशीलता  र ३ जनाले शिक्षक तालिमले विद्यार्थीको सिकाई उपलब्धीमा प्रभाव पारेको देखिन्छ । यसरी ४८.३३% भन्दा बढीले चाही आर्थिक अवस्था ले सिकाई उपलब्धीमा प्रभाव पार्ने पक्षमा रहेको देखिन्छ ।

माथिको तालिकालाई अझ प्रष्ट पार्न तलको वृतचित्रमा देखाउने प्रयास गरिएक्ो छ ।

**चित्र नं. १ वालवालिकाको सिकाई उपलब्धी कमजोर हुनुको कारण :**




माथिको तालिकालाई वृतचित्रमा देखाउँदा आर्थिक अवस्थाले सिकाई उपलब्धी कमजोर हुन्छ, भन्नेहरुको प्रतिशत ४८.३३% र अन्य कारणले बताउनेहरु कम रहेको देखिन्छ । धेरै प्र.अ.

, शिक्षक र अभिभावकहरुले आर्थिक अवस्थालाई नै सिकाई उपलब्धी को कारक तत्व मानेको देखिन्छ । प्रत्यक्ष सम्बन्ध रही सिकाई उपलब्धी बढाउनमा विद्यालय सुधार योजनाले महत्वपूर्ण भूमिका निवार्ह गरेको पाइन्छ । जसलाई सकारात्मक भूमिका निर्वाह गरेको पाइन्छ । जसलाई सकारात्मक र उत्साहजनक सम्बन्धको रुपमा लिन सकिन्छ ।

समग्रमा यस अध्ययन बाट अध्यन कर्ताले प्र.अ. , शिक्षक, अभिभावक, वि.व्य.स.का सदस्य र विद्यार्थीहरुलाई शिक्षण सिकाई प्रकृयामा आई परेका समस्याहरु संग सम्बन्धित रहेर प्रश्न गर्दा निम्नलिखित समस्याहरु व्यक्त गरेका छन ।

१. विद्यार्थीको अनियमिता

२.गरिबी

३.अभिभावकमा चेतनाको अभाव

४.शिक्षक दरवन्दीको कमी

५.उचित भौतिक साधनको आभाव

६.नियमित अनुगमन र मुल्याङ्कनको अभाव

७.सरोकारवालाहरुको कम चासो

८.शैक्षिक सामग्रीको अभाव

९.व्यवस्थित कक्षाकोठाको अभाव

१०.पाठ्यक्रम, पाठ्यपुस्तक एवं सन्दर्भ सामग्रीको अभाव

११. दण्ड र पुरस्कारको अभाव

१२जन सहभागिताको अभाव

१३.राजनैतिक हस्तक्षेप

१४. छलफल, गोष्ठि, नियमित बैठक, शेमिनार तथा अनतरक्रियाको अभाव

१५. वैज्ञानिक शिक्षण पद्धतिको अभाव

१६. विद्यालय र समुदाय विचमा प्रभावकारी समनवय र सुमधुर सम्बन्धको अभाव

१७ बजेटको अभाव

**४.४. शिक्षण सिकाइ क्रियाकलापमा देखिएका समस्याहरुको सामाधानका उपायहरु :**

उपरोक्त समस्याहरु सामाधानको लागी अपनाउन सकिने समस्याहरुको सन्दर्भमा गरिएको प्रश्नको उत्तरहरुलाई समेटदा निम्न उपायहरु पाइयो ।

१.विद्यार्थीको नियमितता :

यस अध्ययनको कममा २ जना प्र.अ. र ७ जना शिक्षकहरुले विद्यार्थीको उपस्थितीमा नियमितता भए सिकाई उपलब्धि उच्च हुने धारणा व्यक्त गर्नु भयो ।

२.अभिभावकहरुमा जनचेतनाको कार्यक्रम संचालन गर्नु पर्ने ।

यस अध्ययनको कममा २ जना प्र.अ. र ७ जना शिक्षकहरुले अभिभावकहरुमा चेतना भए सिकाई उपलब्धि उच्च हुने धारणा व्यक्त गर्नु भयो ।

३. भौतिक पक्षको सुधार

यस अध्ययनको कममा १० जना अभिभावकहरुले विद्यालयको भौतिक पक्षमा सुधार भए विद्यार्थीको सिकाई उपलब्धि उच्च हुने धारणा व्यक्त गर्नु भयो ।

४.प्रयाप्त शिक्षक दरवन्दी हुनु पर्ने :

यस अध्ययनको कममा २ जना प्र.अ. र ७ जना शिक्षकहरुले प्रयाप्त शिक्षक दरबन्दी भएमा सिकाई उपलब्धि उच्च हुने धारणा व्यक्त गर्नु भयो ।

५.नियमित अनुगमन र मुल्याङ्कन हुनु पर्ने ।

यस अध्ययनको कममा १० जना अभिभावकहरुले नियमित अनुगमन र मुल्याङ्कन भएमा सिकाई उपलब्धि उच्च हुने धारणा व्यक्त गर्नु भयो ।

६.सरोकारवालाहरुको सक्रियता बढाउनु पर्ने ।

यस अध्ययनको कममा २ जना प्र.अ. र ७ जना शिक्षकहरुले सरोकारवालहरुको सक्रियता बढेमा सिकाई उपलब्धि उच्च हुने धारणा व्यक्त गर्नु भयो ।

७.समयमा नै पाठ्यकम, पाठ्यपुस्तक एवं सदर्भ सामग्री उपलब्ध हुनु पर्ने ।

यस अध्ययनको कममा २ जना प्र.अ. र ७ जना शिक्षकहरुले पाठ्यपुस्तक एवं सन्दर्भ सामग्री उपलब्ध भएमा सिकाई उपलब्धि उच्च हुने धारणा व्यक्त गर्नु भयो ।

८.उचित कक्षाकोठाको व्यवस्थापन हुनु पर्ने ।

यस अध्ययनको क्रममा १० जना अभिभावकहरुले उचित कक्षाकोठाको व्यवस्थापन भएमा सिकाई उपलब्धि उच्च हुने धारणा व्यक्त गर्नु भयो ।

९.दण्ड र पुरस्कारको व्यवस्था :

१० जना अभिभावकले राम्रो काम गर्ने शिक्षक लाई पुरस्कार र नराम्रो कामगर्ने शिक्षकलाई दण्डको व्यवस्था भएमा सिकाई उपलब्धि उच्च हुने धारणा व्यक्त गर्नु भयो ।

१०.वैज्ञानिक शिक्षण पद्धति अवलम्बन गर्नु पर्ने :

१ जना स्रोत व्यक्तिले वैज्ञानिक शिक्षण पद्धति अवलम्बन गरेमा सिकाई उपलब्धि उच्च हुने धारणा व्यक्त गर्नु भयो ।

११.जनसहभागितामा बृद्धि गर्नु पर्ने ।

२ जना प्र.अ. र ७ जना शिक्षकहरुले जनसहभागिता वृद्धि भएमा सिकाई उपलब्धि उच्च हुने धारणा व्यक्त गर्नु भयो ।

१२. राजनैतिक अहस्तक्षेप :

२ जना प्र.अ. र ७ जना शिक्षकहरुले राजनैतिक अहस्तक्षेप भएमा सिकाई उपलब्धि उच्च हुने धारणा व्यक्त गर्नु भयो ।

१३.छलफल, गोष्टि, बैठक, सेमिनार तथा अन्तरक्रिया गर्नुपर्ने ।

१० जना अभिभावकहरले छलफल, गोष्टि, बैठक, सेमिनार तथा अन्तरक्रिया भएमा सिकाई उपलब्धि उच्च हुने धारणा व्यक्त गर्नु भयो ।

१४. विद्यालय र समुदायको विचमा प्रभावकारी समन्वय र सुमधुर सम्बन्धको स्थापना हुनु पर्ने ।

२ जना प्र.अ. र ७ जना शिक्षकहरुले विद्यालय र समुदायको विचमा सुमधुर सम्बन्ध भएमा सिकाई उपलब्धि उच्च हुने धारणा व्यक्त गर्नु भयो ।

१५.तोकिउको बजेटको व्यवस्था गर्नु पर्ने ।

२ जना प्र.अ. र ७ जना शिक्षकहरुले तोकेको बजेटको व्यवस्था भएमा सिकाई उपलब्धि उच्च हुने धारणा व्यक्त गर्नु भयो ।

१६.आर्थिक स्रोतको पहिचान र परिचालन गर्नु पर्ने ।

१० जना अभिभावकहरुले अर्थिक स्रोतको पहिचान र परिचालन गरेमा सिकाई उपलब्धि उच्च हुने धारणा व्यक्त गर्नु भयो ।

१७.नियमित शिक्षण सिकाइ क्रियाकलाप र रमाइलो शैक्षिक वतावरण सृजना गर्नु पर्ने ।

१० जना विद्यार्थीहरुले नियमित शिक्षण सिकाई क्रियाकलाप र रमाइलो शैक्षिक वतावरण सृजना भएमा सिकाई उपलब्धि उच्च हुने धारणा व्यक्त गरे ।

**४.५. प्राप्तिहरु :**

यो अध्ययन सिकाइ उपलब्धिमा पारेको प्रभावको अनुसन्धानसंग सम्बन्धीत छ । अध्यननको सिलसिलामा नमुना छनौटमा परेका सम्पूर्ण विद्यालयहरुमा शोधकर्ता आफै गई विद्यालयका प्रधानाध्यापक एवम. शिक्षक , वि.व्य.स. का पदाधिकारीहरु र अभिभावकहरुसंग प्रत्यक्ष भेटघाट, छलफल, अन्तरक्रिया, अन्तरवार्ता तथा प्रश्नावली फारम भर्न लगाई आवश्यक सूचना एवम् तथ्याङ्कहरु संकलन गरिएको थियो । माथि उल्लेखित विभिन्न तरिकाहरुवाट गरिएको अध्ययन एवम् विशलेषणको आधारमा प्राप्त भएका मुख्य प्राप्तीहरुलाई निम्ननानुसार प्रस्तुत गरिएको छ ।

१. विदालय शैक्षिक मिति, नियम, योजना एवम् व्यवस्थापन संग सम्बन्धीत महत्वपूर्ण अभिलेख हो । विकेन्द्रीकरणको सिद्धान्त अनुसार निर्माण गरिने यो योजनाप्रति विद्यालयका सरोकारवालाहरुको सकारात्मक दृष्टिकोण रेहेको छुन्छ, र यसको आवश्यकता सम्बन्धमा सबै तहबाट गहनतम् विचार व्यक्त गरिएकोले विद्यालयको सिकाइ उपलब्धीमा महत्वपूर्ण भूमिका खेल्न सक्ने विचार रहेको पाइएतापनि यसमा निम्न समस्याहरु भेटिए ।

क) विद्यालयको योजनामा महत्वकांक्षी कार्यक्रमको प्रस्ताब ।

ख) विद्यालयले स्पष्ट दृष्टिकोण राख्न नसकेको ।

ग) विद्यालयमा कार्यक्रमहरु संचालन गर्न श्रोत र साधनको कमी ।

घ) विद्यालयमा राजनैतिक हस्तक्षेपको समस्या ।

ङ) कार्यक्रम कार्यक्रम गर्न सहयोग र समन्वयको अभाव ।

च) विद्यालयका विभिन्न कार्यक्रमहरुको निरन्तररुपमा अनुगमन र मूल्यांकन नहुनु ।

छ) विद्यालयको श्रोत र साधनको पहिचान र परिचालनको कमी ।

ज) विद्यालयसंग सम्बन्धित व्यक्तिहरुमा जिम्मेवारी उत्तरदायित्वबोधको अभाव ।

२. माथिका विभिन्न समस्याहरु रहँदा रहँदै पनि विद्यालयमा रहेका विभिन्न क्रियाकलापहरुमा यसले मुख्य गरि भौतिक व्यवस्थापन र शैक्षिक क्रियाकलापमा सुधार ल्याएको कुरा उल्लेख गरेका थिए ।

३. शैक्षिक उपलब्धि वृद्धि गर्न सबै भन्दाबढी महत्वपूर्ण कुरा शिक्षकको योग्यता, क्षमता , दक्षता, श्रोत र साधनको पर्याप्तता एवम् शिक्षक विद्यार्थीको लगनशीलता र कर्तव्यपरायनता नै हो भन्ने बारेमा शिक्ष्ँक एवम् अभिभावकहरुको एकमत रहेको पाइयो ।

४. शैक्षिक उपलब्धिमा प्रभाव पार्ने मुख्य तत्वहरुमा शिक्षक तालिम, शैक्षिक, सामग्री, शैक्षिक वातावरण , शिक्षक एवम् विद्यार्थीहरुको लगनशिलता र नियमितता नै हो भन्नेमा सबै व्यक्तिहरुको एकमत रहेको पाइयो ।

५. विद्यालयको शिक्षण सिकाइ क्रियाकलापको अवस्था र यसको सुधार योजनाको निर्माण प्र.अ., शिक्षक, वि.व्य.स. का पदाधिकारीहरु, अभिभावकहरु, बुद्धिजिवी तथा स्थानीय संघसंस्था एवम् सरोकारवालाहरुको संलगनता धेरै मात्रामा हुने गरेको पाइयो ।

६. विद्यालयमा सिकाइ उपलब्धिको आवश्यकता सम्बन्धमा प्र.अ., शिक्षक, वि.व्य.स.का पदाधिकारीहरु र अभिभावकहरुको सकारात्मक सोच रहेको पाइयो । विद्यालयको वर्तमान अवस्था सुधार गर्न योजना अनुरुप कार्यक्रमहरु लागु गर्नु र विद्यालयको चौतर्फी विकास गर्न विद्यालयको भौतिक र आर्थिक श्रोत जुटाउन शिक्षामा गुणस्तर वृद्धि गरि सिकाइ उपलब्धिको आवश्यकता सबै पक्षलाई पर्दछ, भन्नेमा सबै सरोकारवालाहरुको एकमत रहेको पाइयो ।

७. विद्यालयमा हुने पठनपाठनले मात्र सिकाइमा सुधार नहुने पक्षमा ६५% अभिभावकहरु रहेको पाइयो भने उनीहरुले निम्नकुराले पढाइमा सुधार आउने बताएका छन् ।

क) भौतिक अवस्थामा सुधार गर्नुपर्ने ।

ख) योग्य तथा दक्ष शिक्षकको व्यवस्था गर्नुपर्ने ।

ग) कक्षागत एवम् विषयको शिक्षकको व्यवस्था गर्नुपर्ने ।

घ) राजनैतिक हस्तक्षेप बन्द गर्नुपर्ने ।

ङ) शिक्षकहरुमा नियमितता र लगनशीलता हुनुपर्ने ।

च) शैक्षिक सामग्रीको पर्याप्त व्यवस्था हुनुपर्ने ।

छ) अभिभावकहरुको सक्रियता हुनुपर्ने ।

८. अधिकांश विद्यालयले सभा गोष्ठी , अन्रक्रिया छलफल, सडक, नाट्क, घरदैलो कार्यक्तम तथा अन्तर अभिभावक हाजरीजवाफ प्रतियोगिताको माध्यमवाट अभिभावकहरुमा सचेत गराउने गरेको पाइयो ।

९. विद्यालयहरुको अध्ययनको क्रममा यस श्रोत केन्द्रमा सिकाइ प्रक्रियामा निम्न समस्याहरु रहेको पाइयो ।

क) भौतिक सामग्रीको अभाव ।

ख) समावेशी शिक्षणको अभाव ।

ग) प्र.अ. ले समय समयमा कक्षा अवलोकन नगर्नु ।

घ) शिक्षक दरबन्दीको अभाव ।

ङ) अभिभावकहरुमा चेतनाको कमी ।

च) अनुगमन र मूल्यांकनमा कमी ।

छ) सरोकारवालाहरुको कम चासो ।

ज) तालिम प्राप्त शिक्षक भएपनि त्यसवाट सिकेको सीपलाई कक्षाकोठामा प्रयोग नगर्नु ।

झ) बहुभाषिक विद्यार्थी भएकोले भाषागत समस्या हुनु , जसको कारणले उद्देश्य प्राप्तीमा जटिलता

ञ) शैक्षिक समाग्रीको अभाव ।

ट) पाठ्यक्रम, पाठ्यपुस्तक एवम् सन्दर्भ सामग्रीको अभाव ।

ठ) शिक्षकको मनोवल उच्च राख्ने कार्यक्रमहरु बनाएतापनि सोको कार्यान्वय गर्न नसक्नु ।

१०. निम्न उपायहरु अवलम्वन गरेमा शिक्षण सिकाइ उपलब्धी प्रभावकारी ढंगले कार्यन्वयमा सहयोग पुग्ने देखिन्छ ।

क) विद्यालयले पुरा गर्न सक्ने प्रकारको कार्यक्रमको मात्र प्रस्ताव हुनुपर्ने ।

ख) साधन र श्रोतको पहिचान र समूचित प्रयोग गर्नुपर्ने ।

ग) सरोकारवालाहरुलाई विद्यालयप्रति अपनत्वको भावना जागृत गराउनु पर्ने ।

घ) प्रभावकारी समन्वय एवम् सरोकारवाला र विद्यालयबीचमा सुमधुर सम्बन्ध स्थापित गरिनुपर्ने ।

ङ) समयमा आवश्यक श्रोत र साधनको व्यवस्था गरिनु पर्ने ।

च) राजनैतिक हस्तक्षेपलाई शिक्षावाट सधैका लागि निर्मुल गर्नुपर्ने ।

छ) दक्ष र सीपयुक्त जनशक्तिको परिचालन गर्नुपर्ने ।

ज) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई जिम्मेवारीको बोध गराउनुपर्ने ।

झ) अनुगमन र मूल्यांकन नियमित एवम् निरन्तर हुनुपर्ने ।

११. औषत सिकाइ उपलब्धी कक्षा ४ र ५ को अंग्रेजी एवम् गणित विषयको सिकाइ उपलब्धी विद्यालय सुधार योजना लागु हुनु पूर्वको तुलनामा विद्यालय सुधार योजना लागु भए पश्चात् वृद्धि भएको पाइयो भने सो वृद्धिदर अंग्रेजीको तुलनामा गणित विषयको बढी भएको पाइयो ।

## परिच्छेद - पाँच

## निष्कर्षहरु र सुझावहरु

### ५.१. निष्कर्षहरु

यस अध्ययनको क्रममा प्राप्त भएको सूचना एवम् तथ्याङ्कहरुलाई व्याख्या र विश्लेषण गरिएको आधारा निम्न बमोजिमका निष्कर्षहरु निकाएका छन् । विद्यालयको सिकाइ उपलब्धिप्रति प्र.अ. , शिक्षक, वि.व्य.स. का पदाधिकारीहरु , अभिभावकहरु एवम् सबै सरोकारवालाहरुको साकारात्मक धारणा रहेकोले विद्यालयको चौतर्फी विकासका लागि यसले उल्लेखनीय भूमिका निर्वाह गर्न सक्छ । विद्यालयको भौतिक र आर्थिक व्यवस्थापन एवम् सुधार गर्न सफल भएको देखिए तापनि शैक्षिक उपलब्धि वृद्धि गर्ने खालका कार्यक्रमहरुलाई विशेषरुपमा समेटन सकेको छैन । विद्यालयको उन्नतिको भावना जागृत गराएको भए तापनि सबै सरोकारवालाहरुलाई प्रत्यक्ष रुपमा संलग्न राखेर योजनालाई प्रभावकारी बनाउन अझै सकेको छैन । सिकाइ उपलब्धिलाई प्रत्यक्ष रुपमा प्रभाव पार्ने खालका केही कार्यक्रमहरु जस्तै निःशुल्क पाठ्यपुस्तक वितरण, छात्रवृत्ति जस्ता कार्यक्रमहरु समेटिएको भएपनि शिक्षक तालिम, शैक्षिक सामग्री सम्बन्धि कार्यक्रमहरुलाई विद्यालय सुधार योजनामा खासै स्थान दिएको पाइएन, दिएकोमा पनि कार्यान्वयन भएको पाईदैन । सिकाइ उपलब्धिको वृद्धि भए तापनि लक्ष्य अनुरुप वृद्धि भएको पाईदैन । विद्यार्थीहरुको नियमित उपस्थिति न्युन हुनु, शैक्षिक सत्रभरिमा तोकिएको सम्म विद्यालय सञ्चालन हुन नसक्नु , विविध खाले बन्द हड्तालको असर एवम् राजनैतिक हस्तक्षेपवाट सृजीत समस्याको असर विद्यालयमा पर्न पनि सिकाइ उफब्धि न्युन हुनुका कारक तत्वहरु हुन् । गरिब तथा विपन्न वर्ग एवम् श्रमिकका छोराछोरीहरुको मात्र आर्थिक समस्याको कारणले सामुदायिक विद्यालयहरुमा सहभागिता बढी मात्रामा देखिएकोले पनि सिकाइ उपलब्धि न्यून भएको हुन सक्छ । योजना निर्माणमा संलग्न हुने प्र.अ., शिक्षक, वि.व्य.स. का पदाधिकारीहरु र अभिभावकहरु निम्न विषयवस्तुहरुमा अझै पनि राम्ररी प्रष्ट हुन सकेका छैनन् ।

**५.२ सुझावहरु :**

यस अध्ययनको सिलसिलमा पाइएका मुख्य प्राप्तिहरु र गरिएको व्याख्या , विश्लेषण तथा निकर्षका आधारमा विद्यालयलाई गुणस्तरीय शिक्षा प्रदान गर्न विश्वासिलो संस्थाको रुपमा विकास गर्न र विद्यालयमा बनाइने योजनालाई अझ प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याई विद्यालयहरुको सिकाइ उपलब्धिमा सुधार गरेर उच्च सिकाइ उपलब्धिहरु हासिल गर्न निम्नानुसार सुझावहरु प्रस्तुत गरिएका छन् ।

**क) नीतिगत सुझावहरु :**

१.विद्यालय व्यवस्थापन समितिमा राजनैतिक आस्था र हस्तक्षेपको सट्टा योजना सम्बन्धि ज्ञान, दक्षता र शिप भएका योग्य स्थानिय शिक्षाविद् का साथै अभिभावकहरको संलगनता बढाउनु पर्ने नीति बनाउनु पर्ने ।

२.विद्यालयको भौतिक र आर्थिक व्यवस्था का साथै शैक्षिक उपलब्धि वृद्धि गर्ने नीति बनाउनु पर्ने ।

३.विषयगत शिक्षकहरुलाई कक्षा सिकाइमा सबलिकारण गर्ने कार्यक्रमहरु अबलम्बन गर्नु पर्ने नीति बनाउनु पर्ने ।

४.शिक्षकहरुलाई नियमितरुपमा र निर्धारित समयमा विद्यालयमा उपस्थित हुनु पर्ने नीति बनाउनु पर्ने ।

५.जि.शि.अ., स्रोत व्याक्ति र व्यवस्थापन समिती बाट विद्यालयका गतिविधिहरु संयुक्त रुपमा पुनरावलोकन गर्ने नीति बनाउनु पर्ने ।

६. सिकाइ उपलब्धि उच्च बनाउन विशेश सहयोग पुरयाउने विषयगत शिक्षकहरुलाई प्रोत्साहन स्वरुप पुरस्कार दिने नीति बनाउनु पर्ने ।

**ख)अभ्यासगत सुझावहरु :**

१. विद्यालयको शैक्षिक क्षेत्रको समग्र सुधारको महत्वपूर्ण प्रयासको रुपमा विद्यालयको सिकाइ उपलब्धिमा जोड दिनु पर्दछ ।

२. सरल र व्यवहारिक योजनाको निर्माण सम्बन्धि सिप बिकास गर्न सहयोग पुग्ने खालका सहयोगी निर्देशिका एवं पुस्तिका समयमानै विद्यालयमा उपलब्ध गराउनु पर्दछ ।

३.. सिकाई उपलब्धि वृद्धि गर्न जि.शि.का., शिक्षा विभाग र शिक्षा मन्त्रालयबाट प्रोत्साहन र पुरस्कार स्वरुप थप अनुदान उपलब्ध गराउनु पर्दछ ।

४. विद्यालयको हरेक क्रियाकलापमा अभिभावकहरलाई क्रियाशिल गराउन छलफल, भेटघाट, अन्तरक्रिया, एवं घरदैलो कार्यक्रमहरु संचालन गर्नु पर्दछ ।

५. विद्यार्थीहरुको उपस्थिती लाई नियमित गराउन अभिभावकहरलाई सचेत गराई अभिभावक एवं विद्यार्थीहरुलाई पुरस्कृत गर्नु पर्दछ ।

६.समय समयमा शिक्षकहरुलाई तालिमको व्यवस्था गर्नु पर्दछ ।

**ग. अनुसन्धान तहका सुझावहरु :**

१. भाषिक र लैगिंक समस्या सामाधान गरी सिकाइ उपलब्धि उच्च बनाउन थप अनुसन्धान गर्नु पर्ने ।

२.विद्यार्थिहरुको नियमित उपस्थितीको लागी प्रभावकारी कदम चाल्न थप अनुसन्धान गर्नु पर्ने ।

३. सिकाइ उपलब्धि उच्च बनाउन रमाइलो तथा बालमैत्री शिक्षण सिकाई वतावरणको सृजना गर्न थप अनुसन्धान गर्नु पर्ने ।

४.विद्यार्थीहरुको रुची, क्षमता, चाहना तथा आवश्यकता अनुरुप शिक्षण पद्धति अपनाउन थप अनुसन्धान गर्नु पर्ने ।

५. बाल मनोविज्ञानको अध्ययन गरी सिकाइ उपलब्धि उच्च बनाउन थप अनुसन्धान गर्नु पर्ने ।

## सन्दर्भसामग्रीहरु :

खनाल, डा. पेसल (२०६७) , शैक्षिक अनुसन्धान पद्धति कीर्तिपुर काठमाडौ सनलाइट पव्लिकेशन

भट्ट, टेकेन्द्र प्रसाद (२०६८), पाठ्यक्रम,मल्यांकन तथा अनुसन्धान भोटाहिटी काठमाडौं हेरिटेज पव्लिसर्स एण्ड डिष्टिव्युटर्स

पोखरेल , हरिप्रसाद (२०७०), विद्या वारिधि शोधार्थी ( नेपाल संस्कृत विश्वविद्यालय) काठमाडौं

विद्यालय व्यवस्थापन मार्ग निर्देशन पुस्तिका (२०७१), जि.शि.का. मोरङ्ग भागवत प्रिन्टर्स विराटनगर-७

शर्मा, कुवेरनाथ(२०६०), रत्नपुस्तक भण्डार, बैंक रोड बागबजार काठमाडौं

शर्मा, गोपिनाथ(२०५९), शिक्षा आयोगका प्रतिबेदनहरु, काठमाडौं , लेखक

शर्मा, चिरञ्जीवि र निर्माला(२०६७), पाठ्यक्रम योजना र अभ्यास, भोटाहिती काठमाडौं एन के पव्लिसर एण्ड डिष्टिव्युटर्स ।

शिक्षा विभाग (२०६१), विद्यालय सुधार योजना सहयोगि पुस्तिका, भक्तपुर, लेखक

शैक्षिक बुलेटिन(२०६७), एजुकेशन हेल्पलाइन विराटनगर, मोरङ्ग

अधिकारी, विष्णुप्रसाद (२०६८/२०६९ ), निम्न मा.शिक्षक दिगदर्शन, काठमाडौं आशिष पुस्तक भण्डार

आधारभूत प्राथमिक शिक्षण प्रशिक्षण (२०६४), सातौ संशोधन भाग १

प्राथमीक पाठ्यक्रम दिगदर्शन, सानोठिमी भक्तपुर

# अनुसूची १

**सिकाइ उपलब्धिमा शिक्षक्षण सिकाइ क्रियाकलाका प्रभाव एक अध्ययन प्र.अ./शिक्षकको लागि प्रश्नावली :**

प्र.अ./शिक्षकको नाम : लिङ्ग :

विद्यालयको नाम : उमेर :

शिक्षण अनुभव वर्ष : नियुक्ती मिति :

शैक्षिक योग्यता :

तलका उपयुक्त उत्तरमा रेजा ( ✓ ) चिन्ह लगाउनु होला र खाली ठाउँमा आफ्ना विचारहरु उल्ले गर्नुहोस् ।

१. तपाई संग प्राथमिक तहको पढाउने विषयको पाठ्यक्रम छ ?

क) छ ख) छैन

२. तपाईले पढाउने विषयको शिक्षक निर्देशिका पाउनु भएको छ ?

क) छ ख) छैन

३. शिक्षण सिकाइ सुधार ल्याउने सन्दर्भमा शैक्षिंक सत्र २०७३ मा वि.व्य.स. र तपाई बीचमा कुराकानी भयो ?

क) भयो ख) भएन

**४. विद्यार्थीको शैक्षिंक प्रगतिको मूल्यांकन कसरी र कति पटक गर्ने गर्नु भएको छ ?**

| प्रकार | गर्नु हुन्छ भने ( ✓) लगाउनुहोस् । | पटक |
|---|---|---|
| कक्षा कार्य | | हप्तामा |
| गृहकार्य | | हप्तामा |
| छलफल | | हप्तामा |
| परियोजनाकार्य | | महिनामा |
| एकाइ परीक्षा | | महिनामा |
| त्रैमासिकपरीक्षा | | महिनामा |
| अर्द्धवार्षिकपरीक्ष | | महिनामा |

५. विद्यार्थीको सिकाइ उपलब्धिमा सबैभन्दा बढी महत्वपूर्ण भूमिका तलका मध्ये कुन हो ?

क) शैक्षिक सामग्री ख) तालिम ग) छात्रवृत्ति घ) पाठ्यपुस्तक

६. विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि हुनुको प्रमुख कारण केलाई ठान्नु हुन्छ ?

क) शिक्षकको योजना र सीप ख) पाठ्यक्रम र ापाठ्यपुस्ता

ग) भौतिक अवस्था घ) विद्यार्थीको नियमितता

७. तपाईको विद्यालयमा कति जना शिक्षक/शिक्षिका छन् ?

क) ५ जना ख) ३ जना ग) ४ जना घ) .....

८. तपाईको विद्यालयमा सरदर कति प्रतिशत विद्यार्थीहरु उर्तीण भएका छन् ?

क) ३०% ख) ४०% ग) ५०% घ) ....

९. विद्यालयको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरु के के ठान्नु हुन्छ ?

क) ............ ख) ............ ग) ............. घ) ...

१०. शिक्षण सिकाइ प्रक्रियामा आइपरेका समसहरु के के हुन् ?

क) ............ ख) ............ ग) ............. घ) ...

११. शिक्षण सिकाइ प्रक्रियामा आइपरेका समस्याहरु समाधानका उपायहरु के के हुन् ?

क) ............ ख) ............ ग) ............. घ) ...

## अनुसूची २

सिकाइ उपलब्धिमा शिक्षक्षण सिकाइ क्रियाकलाको प्रभाव एक अध्ययन श्रोतव्यक्तिका लागि प्रश्नावली :

श्रोतव्यक्तिको नाम : शैक्षिक योग्यता :

श्रोत केन्द्रका नाम : अनुभव वर्ष :

तलका उपयुक्त उत्तरमा रेजा ( ✓ ) चिन्ह लगाउनु होला र खाली ठाउँमा आफ्ना विचारहरु उल्लेख गर्नुहोस् ।

१. तपाई श्रोत व्यक्तिमा रहनु भएको कति वर्ष भयो ?

क) २ वर्ष ख) ३ वर्ष ग) ४ वर्ष घ) ५ वर्ष

२. शिक्षण सिकाइ पश्चात विद्यार्थीको सिकाइ उपलब्धिमा तपाइले केही सुधार पाउनु भएको छ ? क) धेरै सुधार भएको ख) केही मात्रामा सुधार भएको

ग) केहि पनि सुधार नभएको

३. तपाईको विचारमा कुन तत्वले शैक्षिक उपलब्धिमा बढी प्रभाव पारेको हुन्छ ?

क) शैक्षिक सामग्री ख) तालिम ग) पाठ्यक्रम र पाठ्यपुस्तक

४. तपाईको श्रोतकेन्द्रमा शिक्षण सिकाइमा सुधार ल्याउन कस्ता कस्ता कार्यक्रमहरु राखिएका छन् ?

क) ............ ख) .................. ग) ..................

५. तपाईले शिक्षकको कक्षा अवलोकन गर्दा शिक्षण सिकाइको प्रभावकारी

कार्यान्वयनको लागि के समस्या देख्नु भएको छ ।

...........................................................

## अनुसूची ३

सिकाइ उपलब्धिमा शिक्षक्षण सिकाइ क्रियाकलाको प्रभाव एक अध्ययन विद्यार्थीहरुका लागि अन्तवार्ता :

विद्यार्थीको नाम : कक्षा :

विद्यालयको नाम : रोल नं. :

उमेर :

तलका उपयुक्त उत्तरमा रेजा ( ✓ ) चिन्ह लगाउनु होला र खाली ठाउँमा आफ्ना विचारहरु उल्लेख गर्नुहोस् ।

१. मिती संग विषयगत पाठ्यपुस्तक छ ?

क) छ ख) छैन ग) अलिअलि

२. तिमीलाई विषयगत शिक्षकहरुले गृर्हकार्य दिनु हुन्छ वा दिनु हुन्न :

क) सधै दिनु हुन्छ ख) कहिलेकाही दिनु हुन्छ ग) दिनु हुन्न ।

३. गृर्हकार्य दिनुहुन्छ भने गृहकार्य जाँचेर सुधारका निम्ति सुझाव दिनु हुन्छ वा दिनु हुन्न ?

क) सधैं दिनुहुन्छ ख) कहिलेकाही दिनु हुन्छ ग) दिनु हुन्न ।

४. पढ्दा नबुझेका कुरा कसले तिमीलाई बुझाउन दिनछ ?

क) आमाबाबु ख) शिक्षक ग) ट्युसन पढाउने शिक्षक

**५. तिम्रो विद्यालयको वारेमा तलका भनाई संग कति सहमत छौ उपयुक्त ठाउँमा रेजा ( ✓ ) चिन्ह लगाऊ ।**

| | पूर्ण सहमत | थोरै सहमत | असहमत |
|---|---|---|---|
| क) शिक्षकहरु संग विद्यार्थी एकदम मिलेका छन् । | | | |
| ख) शिक्षकको पेशाप्रति सन्तुष्टि छौ । | | | |
| ग) तिम्रो भनाइलाई सबै जसो शिक्षकहरु ध्यानदिएर सुन्छन् । | | | |
| घ) तिम्रो विद्यालयका शिक्षकहरुले विद्यार्थीहरु राम्रो गरुन भन्ने चाहन्छन् । | | | |

६. विद्यार्थीको सिकाइ उपलब्धि कम हुनुका प्रमुख कारण कुन हो ?

क) शिक्षक ख) शिक्षण विधि ग) विद्यार्थीको लगनशिलता

घ) शैक्षिक साम्रगी

७. सिकाइ उपलब्धिमा सबैभन्दा बढी महत्वपूर्ण भूमिका निवार्ह गर्ने तलका मध्ये कुन हो ।

क) शैक्षिक सामग्री ख) तालिम ग) छात्रवृत्ति घ) पाठ्यक्रम

## अनुसूची ४

सिकाइ उपलब्धिमा शिक्षक्षण सिकाइ क्रियाकलाको प्रभाव एक अध्ययन अभिभावकहरुको लागि अन्तवार्ता :

अभिभावकको नाम : लिङ्ग :

शैक्षिक योगयता : उमेर :

तलका उपयुक्त उत्तरमा रेजा ( ✓ ) चिन्ह लगाउनु होला र खाली ठाउँमा आफ्ना विचारहरु उल्लेख गर्नुहोस् ।

१. तपाई विद्यालयमा घुम्न कहिले कहिले आउनु हुन्छ ?

क) सधै ख) कहिलेकाही ग) कहिले पनि होइन

२. तपाई विद्यार्थीको सिकाइ उपलब्धि वारे जान्न चाहनु हुन्छ कि हुन्न ?

क) चाहनुहुन्छ ख) चाहनुहुन्न ग) जरुरी छैनन

३. विद्यार्थीको सिकाइ उपलब्धिमा सबैभन्दा बढि महत्वपूर्ण भूमिका कसको हुन्छ ?

क) शैक्षिक सामग्री ख) तालिम ग) छात्रवृत्ति घ) पाठ्यपुस्तक

४. विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि हुनुको प्रमुख काराण केलाई ठान्नु हुन्छ ?

क) शिक्षकको योग्यता र सीप ख) पाठ्यक्रम र पाठ्यपुस्तक

ग) भौतिक अवस्था घ) विद्यार्थीको नियमितता

५. विद्यालयको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरु के के ठान्नु हुन्छ ?

क) ............ ख) .................. ग) .................. घ) .................

६. शिक्षण सिकाइ प्रक्रियामा आइपरेका समस्याहरु के के हुन् ?

क) ............. ख) ................... ग) ................... घ) ..................

७. ती समस्या समाधानका उपायहरु के के हुन् ?

क) ............. ख) ................... ग) ................... घ) ..................

## अनुसूची ५

सिकाइ उपलब्धिमा शिक्षक्षण सिकाइ क्रियाकलाको प्रभाव एक अध्ययन वि.व्य.स. का सदस्यको लागि अन्तरवार्ता :

वि.व्य.स.का सदस्यको नाम : लिङ्ग :

शैक्षिक योगयता : उमेर :

तलका उपयुक्त उत्तरमा रेजा ( ✓ ) चिन्ह लगाउनु होला र खाली ठाउँमा आफ्ना विचारहरु उल्लेख गर्नुहोस् ।

१. तपाई विद्यालयमा घुम्न कहिले कहिले आउनु हुन्छ ?

क) सधै ख) कहिलेकाही ग) कहिले पनि होइन

२. तपाई विद्यार्थीको सिकाइ उपलब्धि वारे जान्न चाहनु हुन्छ कि हुन्न ?

क) चाहनुहुन्छ ख) चाहनुहुन्न ग) जरुरी छैनन

३. विद्यार्थीको सिकाइ उपलब्धिमा सबैभन्दा बढि महत्वपूर्ण भूमिका कसको हुन्छ ?

क) शैक्षिक सामग्री ख) तालिम ग) छात्रवृत्ति घ) पाठ्यपुस्तक

४. विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि हुनुको प्रमुख कारण केलाई ठान्नु हुन्छ ?

क) शिक्षकको योग्यता र सीप ख) पाठ्यक्रम र पाठ्यपुस्तक

ग) भौतिक अवस्था घ) विद्यार्थीको नियमितता

५. विद्यालयको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरु के के ठान्नु हुन्छ ?

क) ............ ख) .................. ग) .................. घ) ..................

६. शिक्षण सिकाइ प्रक्रियामा आइपरेका समस्याहरु के के हुन् ?

क) …………  ख) ………………  ग) ……………… घ) ………………

७. ती समस्या समाधानका उपायहरु के के हुन् ?

क) …………  ख) ………………  ग) ……………… घ) ………………

# अनुसूची ६

## अवलोकन फारम

| क्र.स. | | प्रयोगको अवस्था | | |
|---|---|---|---|---|
| | | उत्तम | मध्यम | निम्न |
| १ | शिक्षण विधि | | ✓ | |
| | क) समस्या समाधान | | ✓ | |
| | ख) प्रदर्शन | | ✓ | |
| | ग) आगमन | | ✓ | |
| | घ) निगमन | | ✓ | |
| | ङ) प्रयोगात्मक | | | |
| २ | शैक्षिक समाग्री | | ✓ | |
| | क) श्रव्य | | ✓ | |
| | ख) दृष्य | | | ✓ |
| | ग) श्रव्य दृष्य | | ✓ | |
| | घ) मुद्रित | | ✓ | |
| | ङ) पाठसंग सम्बन्धीत समाग्री | | | |
| ३ | विद्यार्थीको सहभागिता | सक्रिय ✓ | निष्क्रिय | |
| ४ | विद्यार्थी मूल्यांकन | निरन्तर ✓ | कहिलेकाही | |
| ५ | गृहकार्य | निरन्तर ✓ | कहिलेकाही | |
| ६ | कक्षा कार्य | निरन्तर ✓ | कहिलेकाही | |
| ७ | शिक्षकको उपस्थिति | निरन्तर | कहिलेकाही | |

| | | | | |
|---|---|---|---|---|
| | | ✓ | | |
| ८ | पठनपाठन | निरन्तर<br>✓ | कहिलेकाही | |
| ९ | प्र.अ. वाट कक्षा अवलोकन | निरन्तर<br>✓ | कहिलेकाही | |
| १० | समुहगत कार्य | निरन्तर | कहिलेकाही<br>✓ | |

# अनुसूची ७

सिकाइ उपलब्धिमा शिक्षक्षण सिकाइ क्रियाकलाको प्रभाव एक अध्ययन विषयगत औषत प्राप्ताङ्क फारम

| क्र.स. | शैक्षिक सत्र | विषयगत औषत प्राप्ताङ्क | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | कक्षा ४ | | कक्षा ५ | | |
| | | अंग्रेजी | गणित | अंग्रेजी | गणित | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| | | | | | | |

प्रमाणित गर्ने